# गैडहवा गाउँ कार्यपालिकाको कार्यालय

विष्णुपुरा, रुपन्देही

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना !!!

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७५/०२/२१

स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम यस गैडहवा गाउँ कार्यसमितिको निर्णय अनुसार मिति २०७९ साल चैत्र मसान्त सम्मका लागि यस गैडहवा गा.पा. भित्र रहेका तपशिल बमोजिमको ताल/ पोखरीहरुमा माछापालन सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था वा फर्म आदिले निम्न शर्तको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नु हुन सबैको जानकारीका लागि यो दरभाउपत्र आव्हान गरिएको छ।

**तपशिल :**

| क.सं. | ताल/पोखरीको नाम | ठेगाना | न्युनतम कबोल अंक रकम (५ वर्षको लागि) | कै. |
|---|---|---|---|---|
| १. | घेरहवा ताल | गैडहवा-६ | ६,०२,०००।०० | |
| २. | करबलहिया पोखरी | गैडहवा-५ | ५,००,०००।०० | |

१. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन साथ रकम रु. १,००० (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाको कार्यालयमा जम्मा गरेको सक्कल रसिद र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी तथा संघ, संस्था फर्मले आफूले प्राप्त गरेको आयकर, मुल्य अभिवृद्धि कर तथा फर्म दर्ता लगायतको प्रमाण पत्र (नविकरण गरेको) प्रमाणित प्रतिलिपी संलग्न राखी बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सक्नेछ।

२. दरभाउपत्र दाताले कबुल गरेको जम्मा अंक रकमको ५ प्रतिशतले हुने रकम कृषि विकास बैंक, महिलवारमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०४१४९०११५३७४७०४१ मा जम्मा गरेको सक्कल भौचर वा नगद दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

३. आफूले कबोल गरेको ठेक्का अंक रकम प्रष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधि द्धारा दरभाउपत्र दिनुपर्नेछ। र अंकमा ओभरराइटिङ वा केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ।

४. दरभाउ फारम मिति २०७५/०३/०५ गतेका दिन दिनको १२:०० बजे सम्ममा दर्ता गराई सक्नुपर्नेछ। सोही दिनको १:०० बजे दरभाउ दाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा गैडहवा गा.पा.को कार्यालयमा दरभाउपत्र खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि तोकिएको समयमा उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा परेको मानिने छैन। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा भोली पल्ट सोही समयमा दरभाउपत्र खोलिनेछ।

५. दरभाउपत्र स्वीकृत, अस्विकृत वा रद्द गर्ने सम्पूर्ण अधिकार गा.पा.को कार्यालयमा निहित रहनेछ।

६. कबोल अंक सम्झौताको बखत एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशतले हुने रकम छुट दिईनेछ।

७. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरी टेण्डर पेश गरेमा सो टेण्डर माथि कुनै कारवाही हुने छैन्।

८. मुल्य अभिवृद्धि कर र अन्य करहरु उपरोक्त ठेक्का अंकमा समावेश नभएकोले ठेकेदारले अलग्गै दाखिला गर्नुपर्नेछ।

९. ठेकेदार र यस गा.पा. बीच ठेक्का शर्तमा ठेक्का संचालन सम्बन्धि अन्य विषयमा कुनै विवाद उठेमा यस गा.पा.को गाउँ कार्यसमितिको निर्णय अन्तिम हुनेछ। यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन।

१०. ठेक्काको कबोल अंकको ४० प्रतिशत रकम र अग्रिम आयकर वापतको रकम ठेक्का सम्झौताको बखत एकमुष्ट जम्मा गर्नुपर्नेछ। बाँकी ६० प्रतिशत रकम मध्ये ३० प्रतिशत रकम मिति २०७७ चैत्र मसान्त भित्र जम्मा गरी सक्नु पर्नेछ। बाँकी ३० प्रतिशत रकम मिति २०७९ पुस मसान्त भित्र जम्मा गरी सक्नुपर्नेछ।

११. ठेक्का सम्झौता गर्दा ६० प्रतिशत रकम बराबरको बैंक ग्यारेण्टी इजाजत प्राप्त बाणिज्य बैंकको २०७९ साल चैत्र मसान्त सम्मको म्याद भएको (परफरमेन्स बण्ड) बैंक ग्यारेण्टी वा अचल सम्पत्ति धितो पेश गर्नुपर्नेछ।

१२. तोकिएको म्याद भित्र किस्ता रकम नबुझाएमा बैंक ग्यारेण्टीबाट असुल उपर गरिनेछ। यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन।

१३. समय भित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी अर्को वयवस्था गरिनेछ।

१४. कुनै कारण देखाई घाटा भएको भनि कुनै प्रकार मिनाहा वा छुटको दावा गर्न पाईने छैन।

१५. तालको सुरक्षा ठेकेदार स्वयंले गर्नुपर्नेछ।

१६. टेण्डर स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र यस गा.पा.मा सम्झौता गरि सक्नुपर्नेछ।

१७. व्यक्तिको हकमा नागरिकता प्रमाण पत्र र संस्थाको हकमा आयकर र मुल्य अभिवृद्धि करको प्रमाण पत्र समेतको प्रामाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

१८. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

१९. दरभाउ फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुने छैन्।

२०. रित नपुगी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन्।

२१. यस गा.पा.मा साविक देखि वक्यौता रकम भएका व्यक्तिहरु र तिनका तिन पुस्ते नातेदार तथा दाजुभाई समेतले दरभाउपत्र पेश गर्न पाउने छैनन्।

२२. ठेक्का बन्दोवस्तको अवधि ५ वर्ष (२०७९ चैत्र मसान्त) सम्मका लागि हुनेछ।

२३. प्रचलित ताल / पोखरीबाट परम्परागत रुपमा सिंचाई गर्ने गरेको भएमा सिंचाईका लागि पानी दिने व्यवस्था ठेकेदार स्वंयमले मिलाउनु पर्नेछ।

२४. थप जानकारीका लागि यस गैडहवा गा.पा.को कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।